नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

पत्र संख्या :-०७७/७८ मिति:- २०७७/०५/०२
च.नं. :-

## प्रमुख जिल्ला अधिकारी श्री दिपक राज नेपालद्वारा जारी आदेश ।

कोभिड-१९ को संक्रमणको दर दिनानुदिन बढ्दै गएको र समुदायस्तरमा नै संक्रमण विस्तार हुनसक्ने जोखिम उच्च देखिएकोले कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि थाहा नगरपालिका क्षेत्रमा निषेधाज्ञा नै जारी गर्नुपर्ने आवश्यक रहेको भनी थाहा नगर कार्यपालिकाको मिति २०७७-०५-०२ को निर्णय बमोजिम थाहा नगरपालिका, नगर कार्यपालिकाको सिफारिस एवं मिति २०७७-०५-०२ गते बसेको जिल्ला सुरक्षा समितिको बैठकको निर्णय समेतको आधारमा कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) र संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम मिति २०७७/०५/०२ गते राती १२:०० बजेदेखि मिति २०७७-०५-०९ गते राती १२:०० बजेसम्म थाहा नगरपालिकाको सम्पूर्ण क्षेत्रमा निषेधाज्ञा जारी गरिएको छ । यो आदेशको बर्खिलाप भए, गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

<u>निषेधाज्ञा कायम रहने क्षेत्र</u>: थाहा नगरपालिकाको सम्पूर्ण क्षेत्र ।

<u>निषेधाज्ञा कायम रहेको क्षेत्रमा देहायको कार्य गर्न गराउन रोक लगाउने:</u>

क) औषधि उपचार, खाद्यवस्तु खरिद, उत्पादित तरकारी विक्री (तरकारी संकलन केन्द्रबाट मात्र) बाहेक कुनै पनि व्यक्ति घर बाहिर निस्कन ।

ख) एम्बुलेन्स, विरामी बोकेका गाडी, खाद्य वस्तु, तरकारी, दुध, पेट्रोलियम पदार्थ बोक्ने ट्याङ्कर, शव वाहन, फोहोर व्यवस्थापन गर्ने गाडी, पशुपन्छीका दाना बोक्ने गाडी, सञ्चारकर्मी, स्वास्थ्यकर्मी, सुरक्षा निकायले प्रयोग गर्ने गाडी, जिल्ला प्रशासन कार्यालयबाट अनुमति प्राप्त सवारी साधनहरू बाहेक कुनैपनि प्रकारको सार्वजनिक तथा निजी सवारी साधनहरु (मोटरसाइकल समेत) सञ्चालन गर्न ।

ग) स्वास्थ्य संस्था र अत्यावश्यक सेवाका कार्यालयहरु बाहेक सबै सरकारी, निजी तथा गैर सरकारी संस्थाहरूबाट प्रदान गरिने जनसम्पर्क हुने नियमित सेवा सञ्चालन गर्न ।

ङ) धार्मिक, सांस्कृतिक, सामाजिक लगायत कुनै प्रकारको जमघट तथा भेला हुने सबै प्रकारको क्रियाकलापहरु सञ्चालन गर्न ।

<u>पुनश्च:</u>

(क) वित्तिय संस्थाहरु (रकम जम्मा गर्ने, भुक्तानी लिने, रेमिट सेवा मात्र) विहान १०:०० देखि दिनको १:०० बजेसम्म मात्र सञ्चालन गर्न सकिने।

(ख) खाद्यान्न तथा तरकारी पसलको हकमा विहान ६:०० देखि ९:०० बजेसम्म मात्र कोभिड -१९ सुरक्षा मापदण्ड पालना गरी सञ्चालन गर्न पाइनेछ ।

(ग) तरकारी संकलन केन्द्र सञ्चालक व्यवसायीले व्यवसाय सञ्चालन गर्दा तथा ढुवानी गर्दा कोभिड -१९ सुरक्षा मापदण्ड अनिवार्य पालना गर्नुपर्नेछ ।

(घ) नेपाल सरकारद्वारा लागू गरिएको स्वास्थ्य एवं सुरक्षाका मापदण्डहरू अनिवार्यरूपमा पालना हुने गरी उद्योग तथा निर्माणस्थल परिसरभित्रै वा निश्चित स्थानमा क्वारेन्टिनको व्यवस्था गरी सम्पूर्ण कर्मचारी तथा कामदारहरू रहने एवं उद्योग तथा निर्णमास्थल परिसर र क्वारेन्टिन क्षेत्र बाहिर आवतजावत नहुने सुनिश्चत गरी मात्र उद्योग तथा निर्माणका कार्यहरू सञ्चालन गर्न सकिने ।

(ङ) कृषकहरुलाई आफ्नो खेतबारीमा कामकाज गर्न रोक नलगाइने ।

०७७/५/२

दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी